गेरुवा गाउँपालिका

स्थानीय राजपत्र

खण्डः ३ | संख्याः २० | मिति : २०७६/१०/०७

भाग–२

गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा (४) बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०७६/१०/०७ मा जारी गरेको देहाय बमोजिमको नीति सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७६ सालको नियम नं. २०

गेरुवा गाउँपालिकाको स्वास्थ्य नीति

गेरुवा गाउँपालिकाको स्वास्थ्य नीति, २०७६

१. पृष्ठभूमि

स्वास्थ्य नीतिले सम्पूर्ण स्वास्थ्य क्षेत्रको रणनीति र कार्ययोजनालाई दिशानिर्देश गर्दछ । नयाँ संविधान २०७२ जारी भएर देश संघीय संरचनामा प्रवेश गरिसकेको अवस्थामा संविधान बाट प्राप्त स्वास्थ्य अधिकार र दायित्वलाई नेपाली जनजीवनको वास्तविकतामा रुपान्तरण गर्न तथा स्वास्थ्य सेवालाई विस्तार गरी कियाशिल बनाउन, गेरुवा गाउँपालिकालाई स्वास्थ्य नीति आवश्यक भएको हो ।

दिगो विकासको लक्ष्य प्राप्तिको लागि आम नागरिकको स्वास्थ्य र देशको समग्र विकास बीच गहिरो सम्बन्ध हुन्छ । प्रत्येक ब्यक्तिको स्वास्थ्य संरक्षण गर्न तथा स्वास्थ्य सेवा पाउनु जनताको अधिकार हो भन्ने विश्वव्यापी मान्यतालाई स्थापित गर्न स्वास्थ्य नीतिको आबश्यकता छ ।

२. स्वास्थ्य सेवाको ईतिहास तथा बर्तमान स्थिति

करिब ३०० बर्ष अघि सिंहदरबार बैद्यखाना र विक्रम सम्बत १९४७ मा विर अस्पतालको स्थापना भई आयूर्वेद र आधुनिक चिकित्सा पद्धतिको विकासतर्फ नेपाल अग्रसर भएको देखिन्छ तर सेवामा सिमित व्यक्तिहरुको पहुँचमा मात्र उपलब्ध थियो र ग्रामिण भेगका नागरिकहरु धामी, झाकी, झारफुके,गुरुवा आदीको सहराले बाच्न बाध्य थिए ।

वि.सं. २०१३ देखि स्वास्थ्य क्षेत्रको योजनाबद्ध विकासका आवधिक योजनाहरू तयार गरी कार्यान्वयन गर्ने प्रक्रिया संगै शुरु भयो । वि.सं. २०३२ सालमा १५ वर्षे पहिलो दीर्घकालीन स्वास्थ्य योजना र वि.सं. २०५४ मा २० वर्षे दोस्रो दीर्घकालीन स्वास्थ्य योजना लागू गरिएको थियो । स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा गतिबिधि संन्चालन हुँदा विफर उन्मूलन, क्षयरोग नियन्त्रण, कुष्ठरोग नियन्त्रण,औलो नियन्त्रण, पोलियो उन्मूलन, परिवार नियोजन तथा सुरक्षित मातृत्व सेवा, खोप, पोषण स्वास प्रश्वास तथा झाडापखाला नियन्त्रण,एच.आई.भि.एड्स तथा यौनरोग नियन्त्रणमा टेवा पुगेको देखिन्छ । सँसारकै उत्कृष्ट महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम शुरु भए पश्चात मातृ तथा बाल मृत्युदरमा कमि भएको तथ्यांक बाट देखिन्छ ।

वि.सं. २०४६ सालको जनआन्दोलन पश्चात नेपालमा स्वास्थ्य जनताको आधारभूत अधिकार हो भन्ने कुरा आम जनतालाई जानकारी भयो । गरिब बिपन्न असहाय हरुलाई आधारभुत स्वास्थ्य सेवा निशुल्क प्रदान गराउने ब्यबस्था भयो । भौगोलिक बिकटता आर्थिक बिपन्नता भएको देश भएतापनि स्वास्थ्य क्षेत्रमा भएको लगानी र सम्पुर्ण पक्षको सहकार्यले तपसिल अनुसारको उपलब्धी भएको तथ्यांक बाट हेर्न सकिन्छ ।

विषय	वि.सं. २००७(सन १९५० को दशक)	वि.सं. २०४८(सन १९९१)	वि.सं. २०७३(सन २०१६)	श्रोत
मातृ मृत्युदर (प्रति एक लाख जीवित जन्म	१८००	८५०	२५४	दिगो विकास लक्ष्य प्रगति प्रतिवेदन, २०१६
नवजात शिशु मृत्युदर (प्रति एक हजार जीवित जन्म)	२००	४६	२१	नेपाल स्वास्थ्य तथा जनसाख्यीक सर्वेक्षण २०१६
शिशु मृत्युदर (प्रति एक हजार जीवित जन्म)	–	१०७	३२	नेपाल स्वास्थ्य तथा जनसाख्यीक सर्वेक्षण २०१६
पाँच वर्ष मुनिका	२८०	१९७	३९	नेपाल स्वास्थ्य तथा

बच्चाहरुको मृत्युदर(प्रति एक हजार)				जनसाख्यीक सर्वेक्षण २०१६
कुल प्रजनन दर	७	५.८	२.३	नेपाल स्वास्थ्य तथा जनसाख्यीक सर्वेक्षण २०१६
पूर्ण खोप पाउने बच्चाहरुको (प्रतिशत)	–	७०	७८	नेपाल स्वास्थ्य तथा जनसाख्यीक सर्वेक्षण २०१६
औषत आयु (वर्ष)	३२	५३	७१	विश्व रोगभार प्रतिवेदन २०१७

३. समस्या तथा चुनौतिहरु

स्वास्थ्य क्षेत्रमा उल्लेखनीय उपलब्धीहरू हाँसिल गरेको भए तापनि अझै थुप्रै सम्बोधन गरिनु पर्ने समस्याहरू र चुनौतीहरू छन् । जुन यस प्रकार छन् ।

३.१. स्थानीय तहमा पुनः संरचना र विस्तार गर्नु ।

३.२. स्वास्थ्य क्षेत्रलाई वित्तिय व्यवस्थापनमा आत्मनिर्भर बनाउनु ।

३.३ संक्रामक रोगहरुको पुर्ण रुपमा नियन्त्रण हुन नसक्नु र नया संक्रामक रोगहरु देखा पर्नु

३.४ नसर्ने रोगको नियन्त्रण गर्नु ।

३.५ सडक दुर्घटना र चोटपटकबाट हुने मृत्युको संख्या दिन प्रतिदिन बढ्नु ।

३.६ गरिबहरु प्रति लक्षित स्वास्थ सेवाको विकास गर्नु ।

३.७ स्वास्थ्यकर्मी हरुको अव्यवस्थित सरूवा, स्वास्थ्यकर्मीहरूको सुरक्षा आदिमा देखिएका समस्या सम्बोधन गर्न नसकिनु ।

३.८. उपकरणको अभावको कारणले सेवा प्रबाहमा कठीनाइ हुनु ।

३.९ भौगोलिक विकटता र आर्थीक विपन्नताको कारण मातृ मृत्यूदर र नवजात शिशु मृत्यूदरमा धेरै कमि ल्याउनु । गुणस्तरीय प्रसुति सेवा, महिलाहरुको प्रजनन स्वास्थ्य, प्रसुति केन्द्रको विस्तार गर्नु ।

३.१० महिला स्वास्थ्य स्वयसेविका हरुलाई उनीहरुले सोचेजस्तो प्रोत्साहन दिन नसक्नु ।

३.११ मानसिक स्वास्थ्य, जेष्ठ नागरिकको स्वास्थ्य, वातावरणीय सरसफाई, किशोरकिशारीहरूको यौन तथा प्रजनन् स्वास्थ्य प्रवर्द्धन आदिमा पर्याप्त प्राथमिकता दिन नसकिनु ।

३.१२ अपाङ्गता सम्बन्धी कान नसुन्ने, आँखा नदेख्ने, दृष्टि कमजोर लगायत मानसिक तथा शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य सेवामा लगानी वृद्धि गर्नु ।

३.१३ प्रयोगशाला सेवा र औषधी उपकरण आदिको पर्याप्त आपूर्ति नहुनु ।

३.१४ जलवायु परिवर्तन तथा प्राकृतिक विपद, बढ्दो खाद्य असुरक्षाले स्वास्थ्य समस्या बढ्नु ।

३.१५ स्वास्थ्य क्षेत्रमा एकदमै कम लगानी छ । स्वास्थ्य क्षेत्रमा गरेको लगानीले सम्पुर्ण विकासमा सकारात्मक प्रभाव पार्दछ भन्ने चेतना हुन नसक्नु ।

३.१६ भौगोलिक बिकटता भएको समुदायका आर्थीक रुपले विपन्न शारिरिक र मानसिक रुपले अशक्तहरुलाई स्वास्थ्य सेवाको पहुँच पुर्ण रुपमा पुऱ्याउनु ।

४. गेरुवा गाउँपालिका स्वास्थ्य नीतिका सिद्धान्तहरु

नेपालको संविधान २०७२ मा उल्लेखित स्वास्थ्य अधिकारहरुलाई आम नागरिकको वास्तविक जीवनमा लैजान र संघीय संरचना अनुसार स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा जोडदिने छन् ।

४.१. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँचको व्यबस्था आधारभूत स्वास्थ्य सेवा निशुल्क प्रदान गर्ने र स्वास्थ्य जनताको अधिकार हो भन्ने कुरा प्रति प्रतिबद्ध रहने ।

४.२. समानता, जवाफदेहीता, जनसहभागिता, जस्ता प्राथमिक स्वास्थ्य सेवाका सिद्धान्तहरु प्रति प्रतिबद्ध रहि राष्ट्रिय स्वास्थ्य नितिअनुरुप **'सबैका लागी स्वास्थ्य'** र **'सबै स्वास्थ्यका लागी'** अभियान अघि बढाउन प्रयत्नशील रहने ।

४.३. स्वास्थ्य क्षेत्रमा गाउँपालिकाको लगानी अभिबृद्धि गर्दै स्वास्थ्य क्षेत्र मार्फत समग्र विकासको अवधारणालाई सफल बनाउन प्रयत्नशील रहने ।

४.४. नागरिकलाई स्वस्थ्य बनाउनका लागि गाउँपालिकाले लगानी बृद्धि गर्न विशेष प्राथमिकता दिने । आवश्यक पूर्वाधारहरुको निर्माणमा जोड दिई स्वास्थ्यमा नागरिकहरुको पहुच सुनिश्चित गर्ने ।

४.५. आयूर्वेद, होमियोपेथिक लगायतका स्वास्थ्य पद्धतिको संरक्षण गर्न तथा सेवाग्राहीलाई चाहेको सेवा छनोटमा सहज बनाउन उन्मुख हुने ।

४.६. स्वास्थ्य सेवालाई गुणस्तरिय र सर्बसुलभ बनाउन तथा प्रमाणमा आधारित योजना बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिने । जनसंख्या, भूगोल, र संघीय संरचना अनुरुप आवश्यकपर्ने स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरुको संख्या र गुणस्तरमा बृद्धि गर्नकालागि पहल गर्ने ।

४.७. लोकतान्त्रिक परिवर्तनको लागी संघर्ष र क्रान्तिका क्रममा शहिद भएका हरुका परिवार, अपांगता भएका व्यक्ति, आर्थीक रुपले विपन्नहरुलाई स्वास्थ्यमा प्राथमिकताको साथ अवसर प्रदान गर्ने ।

४.८ स्वास्थ्य सेवा सम्बन्धि सुचनाको हक समुदायमा भएका प्रत्येक नागरिकले प्राप्त गर्नेकुरा सुनिश्चित गर्ने ।

५. भावी सोच, ध्येय, लक्ष्य तथा उद्धेश्य

५.१ भावी सोच

गेरुवा गाउँपालिकामा भएका सवै नागरिकहरु शारिरिक, मानसिक र सामाजिक तथा भावनात्मक रुपमा स्वस्थ्य रहि निरोगी जीबनयापन गर्न सक्षम हुनेछन् ।

५.२ ध्येय

नेपालको संविधान २०७२ को मर्म र भावना अनुसार सम्पुर्ण नागरिक स्वस्थ्य रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

५.३ लक्ष्य

गुणस्तरिय स्वास्थ्य सेवामा सबैको पहुँच वृद्धि गरी आधारभूत स्वास्थ्यसेवा उपलब्ध गराउदै दिगो विकास लक्ष्य लाई सफल बनाउने ।

५.४ उद्देश्यहरु

स्वास्थ्य सम्बन्धि दिगो विकास लक्ष्य हासिल गर्नः–

५.४.१. स्वास्थ्य सम्बन्धि मौलिक अधिकार नागरिकले उपभोग गर्न पाउने व्यवस्थाको सुनिश्चित गर्ने ।

५.४.२. आवश्यक औषधि,औजार, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरु स्थानीय तहमा ब्यबस्था गरी प्रत्येक नागरिकले सहज रुपले गुणस्तरिय सेवा प्राप्त गर्न सक्ने प्रभावकारी स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने ।

५.४.४. आयूर्वेद तथा अन्य वैकल्पिक चिकित्सा पद्धति को विकास गदै स्वास्थ्य सेवाको पहुँचमा अभिबृद्धि गर्ने ।

५.४.५. स्वास्थ्य सेवा प्रवाहमा जनसहभागिता बढाउँदै लैजाने ।

६ नीतिहरु :–

६.१. गुणस्तरिय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच स्थापित गर्न कटिबद्ध हुने । आधारभूत स्वास्थ्य सेवा निशुल्क प्रदान गरिने र विशेषज्ञ सेवा स्वास्थ्य विमा द्वारा उपलब्ध गराउने व्यबस्थामा जोडदिने ।

६.२. महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, सिमान्तकृत, अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागी भएका सबै जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहिद परिवार, द्वन्दपिडित र घाइतेहरुको संविधान प्रदत्त अधिकार स्वास्थ्य सेवामा प्रत्याभूत गरिनेछ सबै लिंग, क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्न, शारिरिक र मानसिक रुपले अशक्तहरुलाई प्राथमिकताको साथ स्वास्थ्य सेवा सुनिश्चत गर्ने ।

६.३. कुनै पनि नागरिक बञ्चित नहुने गरी स्वास्थ्य संस्थाबाट गुणस्तरीय सेवा प्रदान गर्न सक्षम बनाउन आवश्यक पूर्वाधारहरुको प्रत्याभूति, अनुगमन र सुपरिवेक्षण गर्दै स्वास्थ्यमा सबै नागरिकको पहुँच सुनिश्चित गराउने व्यबस्था गर्ने ।

६.४. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्ने ।

६.५. प्रतिकारात्मक,प्रवर्धनात्मक,उपचारात्मक स्वास्थ्य सेवामा दिईआएको प्राथमिकतालाई कायमै राख्दै स्थानीय तहको पहलमा समुदायमा आधारित स्वास्थ्य प्रणालीको गुणस्तर, पहुँच र प्रभावकारितामा अभिवृद्धि गर्नु लाई प्राथमिकता दिने ।

६.६. समता र सामाजिक न्याय द्वारा स्वास्थ्य सेवा निशुल्क प्रदान गर्ने र स्वास्थ्य विमा मार्फत विशेषज्ञ सेवा उपलब्ध गराउने कार्यमा जोडदिनुकासाथै स्वास्थ्य बजेटमा बृद्धि गर्ने र बजेट निकासा, खपत र खरिद प्रक्रियालाई सरलीकरण गर्दै संविधान प्रदत्त सबै स्वास्थ्य अधिकारहरुको प्रत्याभूति गर्न स्वास्थ्य सेवालाई सुदृढ बनाउने ।

६.७. आयुर्वेदको विकासमा जोड दिने र अन्य परंपरागत, बैकल्पिक चिकित्सा प्रणालीहरु (योग, प्राकितिक चिकित्सा, होमियोपेथी, आदी को संरक्षण एवं व्यवस्थित विकास गर्दै प्राकृतिक श्रोत र साधन एवं जडिबुटिहरुको समुचित प्रयोग गरी प्रतिरोधात्मक, प्रवर्धनात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सबै नागरिकको सहज पहुँचमा पुरयाउनमा जोडदिने ।

६.८. स्वास्थ्य सेवाहरु सर्वसुलभ, प्रभावकारी र गुणस्तरिय बनाउन जनसंख्या, भूगोल र संघिय संरचना अनुरुप दरबन्दी, स्वास्थ्य उपकरण र पूर्वाधारको व्यवस्था गरी उनीहरुलाई काम गर्नको लागि उत्साहजनक वातावरणको व्यबस्था गर्ने कार्यमा जोड दिने ।

६.९ स्वास्थ्यका सबै जनशक्तिको ज्ञान र सीपको बृद्धि गर्दै सेवालाई गुणस्तरीय बनाउन र स्वास्थ्य सेवा प्रदायक व्यक्ति तथा संस्थालाई नागरिकको स्वास्थ्यप्रति संवेदनशील र जिम्मेवार बनाउन जोडदिने ।

६.१०. गुणस्तरीय औषधीको सहज तथा प्रभावकारी आपूर्तिको निम्ती बोलपत्र र खरिद सम्बन्धि अन्य व्यबस्था स्थानीय स्तरमा लागु गर्न सार्बजनिक खरिद समिति वा ईकाइ निर्माणको साथै वितरण लाई सुनिश्चित गर्ने ।

६.११. महामारी रोकथाम र नियन्त्रणमा जोड दिने ।

६.१२. नसर्ने रोग नियन्त्रणकालागी व्यक्ति र समाजको जीवनशैलीमै परिवर्तन आए पछि मात्र संभव हुने भएकोले त्यस सम्बन्धि गर्नुपर्ने क्रियाकलापको विकास गरी नसर्ने रोगहरुको स्थानीय तह देखिनै जनचेतना अभिबृद्धिगरी उपचारका लागि अस्पतालमा प्रेषणसम्मको पहुँचमा सुनिश्चित गरिने तथा आयुर्वेद र अन्य उपचार पद्धतिलाई पनि नसर्ने रोगहरुको रोकथाम, उपचार र नियन्त्रणको लागी एकिकृत गरिने ।

६.१३. गुणस्तरीय एवं स्वास्थ्यवर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, प्रयोग र पहुँच लाई विस्तार गरी कुपोषणलाई न्यूनीकरण गर्ने र पोषण संबन्धि जनचेतना बढाउने । विद्यालय जाने उमेरका बालबालिकाहरुको स्वास्थ्य तथा पोषण प्रवर्द्धन लाई विशेष रुपले संबोधन गर्ने ।

६.१४. बिपद तथा दुर्घटनाबाट हुने चोटपटकको कारणले अपांगता र मृत्यू भैरहेको तिब्र बृद्धिलाई संबोधन गर्न रोकथाम, शिघ्र उपचार र प्रेषण सेवालाई प्रभावकारी बनाउने ।

६.१५. मानसिक स्वास्थ्यसंग सम्बन्धित समस्याप्रति आवश्यक जनचेतनाको अभिबृद्धि गर्न, त्यसको रोकथाम, उपचार र नियन्त्रण गर्न बिषेश तरिकाले संबोधन गर्ने ।

६.१६. जलवायु परिवर्तन, तथा प्राकृतिक विपद्ले सृजना हुने मानवीय स्वास्थ्य समस्या समाधान गर्न विपद पुर्व तयारी तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन स्वास्थ्य क्षेत्रका सबै निकायहरु बिच समन्वय गर्ने । वातावरण प्रदूषणको प्रभावकारी नियन्त्रण गर्दै स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिक अधिकारलाई सुनिश्चित गर्ने

६.१७. अपांगमैत्री स्वास्थ्य पूर्वाधार विकास गरिने र स्वास्थ्य सेवामा अपांगहरुको पहुँच सुनिश्चित गरिने ।

६.१८. आमा, नवजात शिशु, बालबालिका र किशोरीहरुको स्वास्थ्य सम्बन्धि अत्यन्त महत्वपूर्ण क्रियाकलाप तथा कार्यक्रममा जोडदिने ।

६.१९ स्वास्थ्य कर्मीहरुको पेशागत वृत्ति विकाश र सेवारत तालीम द्वारा सेवाको गुणस्तरमा बृद्धि गर्ने कार्यमा जोडदिने ।

६.२०. महिला स्वास्थ्य स्वयसेविकाहरुको उच्च मनोबल राख्नकालागि उनीहरुलाई प्रोत्साहनको ब्यबस्थाका साथै उनीहरुको कार्यमा आबश्यक पर्ने किसिमको सहयोग दिने ।

६.२१. स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरिय बनाउन नीति योजना र कार्यक्रम को तयार तथा निर्माण र कार्यान्वयन गर्ने ।

६.२२. स्वास्थ्यसम्वन्धी सन्देश एवं सूचना सुलभ रुपमा प्राप्त गर्ने सूचनाको हक सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न तथा सेवाग्राहीले उपचार संबन्धि जानकारी पाउने हक सुनिश्चित गर्ने, स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली लाई व्यवस्थित बनाई तथ्यांकहरुको गुणस्तर र विश्वसनीयतामा बृद्धि गरी त्यसको आधारमा नीति तथा योजना बनाउने ।

६.२३. स्वास्थ्यकर्मी र सेवाग्राही विच पेशागत सुमधुर संबन्धको सुनिश्चितताका लागि सम्वन्धित निकायहरुसंग समन्वय गरी स्वास्थ्यकर्मीहरुको सुरक्षाको प्रत्याभुति गर्नुको साथै आम जन समुदायको स्वास्थ्य सुरक्षा र सेवाग्राहीहरु प्रति स्वास्थ्यकर्मीहरुले निर्वाह गर्नु पर्ने पेशागत आचारसंहिताको पालनालाई सुनिश्चित गर्ने ।

६.२४. सबै स्वास्थ्य संस्थामा मानव प्रतिजैविक औषधिहरुको प्रभावकारीतामा प्रतिरोध बढ्दै गएकोले यसको समुचित प्रयोगकालागि आवश्यक कदम चाल्ने ।

६.२५. जेष्ठ नागरिकहरुको स्वास्थ्यका समस्याहरुलाई व्यवस्थापनको शुरुआत गरी अस्पताल सम्म प्रेषणको पहुचमा सुनिश्चित गर्ने ।

६.२६. स्वास्थ्य सेवालाई प्रभावकारी, सुरक्षित, विश्वासिलो,तथा समतामुलक बनाउंदै स्वास्थ्य सेवाको गुणस्तरियतामा अधिकतम बृद्धि गर्ने ।

७. रणनीतिहरु

७.१. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सजिलै संग, सुलभ र समान पहुच स्थापित गर्न कटिबद्धहुने आधारभूत स्वास्थ्य सेवा निशुल्क प्रदान गरिने कार्यमा जोड दिने र विशेषज्ञ सेवा प्राप्तगर्नकालागि स्वास्थ्य विमामा जनचेतना अभिबृद्धिगरी स्वास्थ्य बिमामा जोडदिने ।

७.२ आधारभूत स्वास्थ्य सेवाको हक सम्पुर्ण नागरिकहरुकालागि सुनिश्चित गरिनेछ ।

७.३ १५ शैयाको अस्पताल रहने व्यवस्था गर्न जोड दिईनेछ ।

७.४ स्वास्थ्य संस्थामा प्रयोगशाला सेवा क्रमशः विस्तार गरिनेछ ।

७.५ दलित,महिला, बालबालिका, ज्येष्ठ नागरिक, सिमान्तकृत, लोकतान्त्रिक परिवर्तनको लागी भएका सबै जनआन्दोलनका शहिदहरुका परिवार, सबै लिंग, क्षेत्र र समुदाय भित्रका आर्थीक रुपले विपन्न, शारिरिक र मानसिक रुपले अशक्तहरुलाई प्राथमिकताको साथ स्वास्थ्य सेवा सुनिश्चत गरिनेछ ।

७.६ प्रजनन् स्वास्थ्य सम्बन्धी अधिकार सुनिश्चीत गरिने छ ।

७.७ स्वास्थ्य विमा मार्फत समुदाय देखि केन्द्रिय अस्पतालसम्म प्रेषण हुने व्यबस्थामा जोड दिईने छ ।

७.७ प्रत्येक वडामा घाइतेहरूको प्रारम्भिक उपचार गर्ने दक्षता हासिल गरेका स्वास्थ्यकर्मी तथा सहयोगी र आवश्यक औषधी उपकरणसहितको स्वास्थ्य सञ्जाल निर्माण गरी घाइतेहरूको शीघ्र उपचार र प्रेषण को व्यवस्था मिलाइनेछ ।

७.८ गाउँपालिकामा एम्वुलेन्स सेवाका साथै अत्यावश्यक औषधी, अक्सिजन र दक्ष स्वास्थ्यकर्मी सहितको सेवा उपलव्ध गराउने व्यवस्था सुनिश्चित गरिनेछ । आकस्मीक अबस्थामा परेकालाई तत्काल उद्धार गरी उपचार सेवा उपलव्ध गराउन एम्वुलेन्स सेवासमेत सञ्चालनमा ल्याइनेछ ।

७.९ स्वास्थ्य प्रणालीलाई संघीय संरचना अनुरुप स्थानीय तहमा विकास र विस्तार गरी संविधानले निर्देश गरे अनुसारको आवश्यक नीतिगत, वित्तिय र व्यवस्थापकीय माध्यम द्धारा स्वास्थ्य क्षेत्रमा सुशासन कायम गरिने छ ।

७.१० प्रतिकारात्मक प्रवर्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवामा दिई आएको प्राथमिकतालाई कायमै राख्दै गेरुवा गाउँपालिका अन्तरगत स्वास्थ्य क्षेत्रलाई अझैं सुदृढ बनाईने । स्थानीय तहको पहलमा समुदायमा आधारित स्वास्थ्य सेवाको गुणस्तर, पहुँच र प्रभावकारितामा अभिवृद्धि गर्नु लाई प्राथमिकता दिईने छ ।

७.११ जनस्वास्थ्यका कार्यक्रम तथा गतिबिधिलाई थप सशक्त बनाइने छ ।

७.१२ आधारभूत स्वास्थ्य सेवा निशुल्क प्रदान गर्ने कार्यमा जोड दिनुकासाथै स्वास्थ्य विमा मार्फत विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यको समन्वयमा जोडदिई स्वास्थ्य सेवालाई सुदृढ बनाईने छ ।

७.१३ आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने कार्यकालागि वित्तिय व्यवस्थापन गर्ने । न्यूनतम १० प्रतिशत स्वास्थ्य बजेटमा विनियोजन गर्दै १५ प्रतिशत सम्म बृद्धि गरिने छ । बजेट निकासा, र खरिद प्रकियालाई सरलीकरण गर्दै संविधानप्रदत्त स्वास्थ्य अधिकारहरुको प्रत्याभूति गर्न स्वास्थ्य सेवालाई सुदृढ बनाईने छ ।

७.१४ आधारभुत स्वास्थ्य सेवा बाहेकका अन्य स्वास्थ्य सेवा स्वास्थ्य बिमा द्वारा प्राप्तगर्न सक्ने व्यबस्थामा जोड दिईने छ ।

७.१५ सुर्तिजन्यपदार्थ तथा मदिरामा कर बृद्धि गर्नुका साथै अस्वस्थ्य खाना (जंक फुड) र प्रशोधित चिनीयूक्त खाद्य तथा पेय पदार्थ, मा थप कर लगाई प्रतिकारात्मक, प्रबर्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवा लाई प्राथमिकता दिने गरी प्रयोग गरिनेछ ।

७.१६. अति बिपन्न परिवारको प्रेषण तथा उपचारकालागि विशेष कोषको व्यवस्था गरिनेछ ।

७.१७ स्वास्थ्यमा सार्वजनिक, नीजि तथा सहकारीको सहकार्य र साझेदारी मार्फत भएको लगानी र सेवालाई आमनागरिकको हितमा प्रयोग गर्न प्रोत्साहित गरीनुकासाथै गुणस्तरीय स्वास्थ्य सेवालाई सुदृढ बनाइने छ ।

७.१८ स्वास्थ्य सेवाको विकास तथा सेवा प्रबाह गर्ने कार्यमा सहयोगगर्ने गैरसरकारी संस्थाहरु सँग साझेदारी गरी गुणस्तरीय स्वास्थ्य सेवा आमनागरिकको पहुँच हुने गरी उपयोगमा ल्याईने कार्यमा जोड दिईने छ ।

७.१९ गैह्रसरकारी स्वास्थ्य संस्थाहरुलाई तोकिएको मापदण्ड र आधारमा निश्चित गुणस्तरीय स्वास्थ्य सेवाहरु निश्चित क्षेत्र र वर्गका आमनागरिकलाई सजिलै सँग प्रदान गर्ने कार्यमा आवश्यक सहयोग गरिने छ ।

७.२० स्वास्थ्य सेवाको पहुँच सुनिश्चित नभएका समुदायमा प्रभावकारी रुपमा स्वास्थ्य सेवा पुऱ्याउन जोड दिईने छ ।

७.२१ आयुर्वेदको विकासमा जोड दिने र अन्य परंपरागत, बैकल्पिक चिकित्सा प्रणालीहरु (योग प्राकितिक चिकित्सा, होमियोपेथी, आदि) को संरक्षण एवं व्यवस्थित विकास गर्दै प्राकृतिक श्रोत र साधन एवं जडिबुटिहरुको समुचित प्रयोग गरी प्रतिरोधात्मक, प्रवर्धनात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सबै नागरिकको सहज पहुँचमा पुऱ्याउने कार्यमा जोड दिइनेछ ।

७.२२ आयुर्वेदको संरचनाको थप सुदृढीकरण गरी गुणस्तरीय सेवाको विकास एवं विस्तार गरिनेछ ।

७.२३ आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिसंग सम्बन्धित स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा संचालन गरिनेछ । उक्त सेवाहरुबाट ज्येष्ठ नागरिक,र नसर्ने रोगहरुको रोकथाम तथा उपचारमा बिशेष जोड दिईने छ ।

७.२४ स्थानीय रुपमा उपलब्ध जडिबुटीहरुको संरक्षण, संवर्धनमा जोड दिईने छ ।

७.२५ स्वास्थ्य सेवालाई अटुट रुपमा प्रवाह गर्न स्वास्थ्य उपकरणहरुको समयमै मर्मत संभारको व्यवस्था गरिने छ ।

७.२६ गुणस्तरीय औषधीको आपूर्तिको निम्ती स्थानिय स्तरमा खरिद प्रकृयामा बोलपत्र तथा अन्य प्रकृया लागु गर्न खरिद समिति वा ईकाइ गठनको साथै वितरणको व्यबस्था लाई सुनिश्चित गरिनेछ ।

७.२७ औषधि खरिद गर्दा जेनेरिक नाममा लिने व्यवस्था मिलाइनेछ ।

७.२८ संक्रामक रोगको नियन्त्रण महामारी रोकथाम र नियत्रणमा जोड दिईने छ ।

७.२९ खुल्ला सिमाना, जलवायु परिवर्तन, प्राकृतिक विपद्, पशु संसर्ग बाटहुने संक्रामक रोगहरुको नियन्त्रणमा जोड दिईने छ ।

७.३० क्षयरोग, औलो, एच.आई.भी एड्स, कुष्ठरोग, कालाजार, डेंगु, हात्तीपाइले, जापानीज इन्सेफाइलाइटिस् लगायत अन्य संक्रामक रोग नियन्त्रण मा जोड दिईने छ ।

७.३० महामारी रोकथाम र नियन्त्रणका लागि सबै स्वास्थ्य संस्थामा र समुदाय लाई श्रोत साधनको अग्रिम तयारीको व्यबस्थामा रहन सजग गराईने छ ।

७.३१ प्रयोगशालाहरुको विस्तार र क्षमताबृद्धि, आदिको लागि नीति तथा रणनीति अवलम्बन गरिनेछ ।

७.३२ नसर्ने रोगको नियन्त्रण जीवनशैलीमै परिवर्तन आए पछि मात्र संभव हुने भएकोले जीवनशैलीमै परिबर्तन ल्याउने किसिमका स्वास्थ्य सम्बन्धि क्रियाकलापमा जोड दिनुका साथै नसर्ने रोगहरुको स्थानीय स्वास्थ्य सेवाको तह देखिनै व्यवस्थापन गरी अस्पताल सम्म प्रेषण र पहुच सुनिश्चित गरिने । आयुर्वेद र अन्य उपचार पद्धतिलाई नसर्ने रोगहरुको रोकथाम, उपचार र नियन्त्रणको लागी अग्रसर गराईनेछ ।

७.३३ नसर्ने रोगहरुको नियन्त्रणलाई प्रभावकारी बनाउन बिध्यालयमा स्वास्थ्यकर्मी बाट स्वास्थ्य शिक्षा कक्षा सञ्चालन गर्न लगाई नसर्ने रोगहरुबारे जनचेतना बढाउने र संचार माध्यमद्वारा स्वास्थ्य संन्देश प्रशारणगरी खानपिन, व्यायाम र तनावरहित जीवनशैलीको विकास गर्ने कार्यमा प्रोत्साहित गरिनेछ ।

७.३४ स्वास्थ्यवर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, प्रयोग र पहुँच लाई विस्तार गरी कुपोषणलाई न्यूनीकरण गर्ने र पोषण संबन्धि जनचेतना कार्यक्रम संचालन गरिनेछ ।

७.३५ कुपोषणमुक्त गर्न विद्यमान बहुक्षेत्रीय पोषण सम्बन्धी नीति तथा खाद्य सुरक्षा लगायत कार्यक्रमहरू अध्यावधिक गर्दै उच्च प्राथमिकताका साथ लागू गरिनेछ ।

७.३६ स्थानीय तहमा उपलब्ध हुने तथा उत्पादन गर्न सकिने खाद्य पदार्थको उत्पादन, प्रवर्द्धन र प्रयोगलाई विशेष जोड दिईने छ ।

७.३७ करेसाबारी लगायतका समुदायमा आधारित उत्पादनलाई प्रोत्साहित गरिनेछ ।

७.३८ शरीरलाई हानी पुऱ्याउने प्रशोधित तथा तयारी खानेकुराहरु जंक फूड मदिरा र पेय पदार्थको प्रयोगलाई निरूत्साहित गर्दै होटल र रेष्टुरेन्टबाट बिक्री वितरण गरिने खानेकुराहरूको गुणस्तर अनुगमन गर्न आवश्यक कानून, कार्यविधि र जनशक्तिको व्यवस्था गरिने ।

७.३९ कृषि तथा मासुजन्य उत्पादनमा प्रयोग हुने मानिसको स्वास्थ्यलाई प्रतिकूल असर पार्ने खालका रासायनिक पदार्थहरू र विषादीहरू हटाउन सम्बन्धित सरोकारवालाहरूसँग सहकार्य गरिनेछ । स्वास्थ्यलाई हानी गर्ने गरी खाद्य पदार्थमा हुने मिसावट लाई कानुनको दायरामा ल्याई दण्डित गर्ने व्यवस्था गरिनेछ ।

७.४० दुर्घटना तथा बिपदबाट हुने चोटपटक अपांगता र मृत्यूमा भैरहेको तिब्र बृद्धिलाई रोकथाम, शिघ्र उपचारकोलागि प्रेषण सेवालाई प्रभावकारी बनाइने छ ।

७.४१ प्राकृतिक विपद्हरुबारे जनचेतनामा बृद्धि गरी त्यसको रोकथाम र व्यवस्थापन गर्न सक्षमता बढाइने छ ।

७.४२ सडक दुर्घटना, प्राकृतिक प्रकोपबाट हुने दुर्घटना लाई न्यूनिकरण गर्न सबै सरोकारवालाहरु संग सहकार्य गरी चेतना अभिबृद्धि गरिने छ ।

७.४३ मानसिक स्वास्थ्यसंग सम्बन्धित समस्याप्रति आवश्यक जनचेतनाको अभिबृद्धि गर्ने, त्यसको रोकथाम, उपचार र नियन्त्रणमा जोड दिईने छ ।

७.४४ जलवायु परिवर्तन, तथा प्राकृतिक विपद्‌ले सृजना हुने मानवीय स्वास्थ्य समस्या समाधान गर्न विपद तैयारी र व्यवस्थापनलाई प्रभावकारी बनाउन स्वास्थ्य क्षेत्रका सबै निकायहरु बिच र अन्तरक्षेत्रिय समन्वय गर्ने । वातावरण प्रदूषणको प्रभावकारी नियन्त्रण गर्दै स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिक अधिकारलाई सुनिश्चित गरिनेछ ।

७.४५ स्वास्थ्य संरक्षण र प्रवर्द्धनका लागि पर्यावरणीय मूलतः पानी, वायु र ध्वनी प्रदूषण र जलवायु परिवर्तनबाट हुने प्रतिकूल असरको प्रभावकारी नियन्त्रण गर्ने कार्यमा जोड दिईने छ ।

७.४६ स्वास्थ्य संस्थाजन्य फोहरमैलाको वैज्ञानिक ढङ्गले व्यवस्थापन गर्न प्रभावकारी व्यवस्था लिइनेछ । फोहरमैला व्यवस्थापनका सन्दर्भमा विद्यमान कानूनी व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ ।

७.४७ अपांगमैत्री स्वास्थ्य पूर्वाधार विकास गरिने र स्वास्थ्य सेवामा अपांगहरुको पहुँच सुनिश्चित गरिने ।

७.४८ विभिन्न पेशामा संलग्न व्यवसायीहरुलाई पेशागत स्वास्थ्य जोखिम बारे विभिन्न माध्यमद्वारा जनचेतना अभिबृद्धि गरिने छ ।

७.४९ किटनाशक औषधिको स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु बारे जनचेतना अभिबृद्धि गरी तिनीहरुको विवेकपूर्ण प्रयोगको ब्यबस्था गरिने छ ।

७.५० स्वास्थ्यकर्मीहरुको पेशागत तालीमकालागी सम्बन्धित तह र निकायमा आबश्यक पहल चालिने छ ।

७.५१ तथ्यांकहरुको गुणस्तर र विश्वसनियतामा बृद्धि गरी त्यसको आधारमा नीति तथा योजना बनाईने छ ।

७.५२ स्वास्थ्य क्षेत्रमा भए गरेका सम्पूर्ण कार्यहरूको सूचना सहज र सरल ढङ्गले सम्पूर्ण नागरिकहरूको पहुँचमा पुऱ्याउन विभिन्न तहका संचारमाध्यम हरुसंग समन्वय गरिनेछ ।

७.५३ सबै तहका स्वास्थ्य संस्थाहरुले मासिक प्रगति प्रतिबेदन अनिवार्य रुपले स्थानिय तह र सम्बन्धित निकायमा पठाउनु पर्ने छ र तथ्यांकहरुको गुणस्तर र विश्वसनियतामा बृद्धि गर्न सबै तहका स्वास्थ्य संस्थाहरुमा अनुगमन गरिने छ ।

७.५४ सेवाग्राहीको स्वास्थ्य उपचारको जानकारी सम्बन्धि हक सुनिश्चित गर्न समुचित व्यवस्था गरिनेछ ।

७.५५ विद्यालयमा स्वास्थ्य शिक्षा तथा स्वास्थ्य सम्बन्धि कार्यक्रममा सहयोग गरिने छ ।

७.५६ स्वास्थ्यकर्मी र सेवाग्राही विच सुमधुर सम्बन्धको सुनिश्चितता गर्ने कार्यमा जोडदिने रस्वास्थ्यकर्मीहरुको सुरक्षाको प्रत्याभुति गर्नुको साथै आमजनसमुदायको स्वास्थ्य सुरक्षा र विरामीहरु प्रति स्वास्थ्यकर्मिहरुले निर्वाह गर्नु पर्ने पेशा सम्बन्धि आचारसंहिताको पालनालाई सुनिश्चित गरिने छ ।

७.५७ सेवाको गुणस्तर कायम गर्न स्वास्थ्य संस्थाहरुलाई आवश्यक भौतिक संरचनाको विकास, तथा सामग्रीहरुको पूर्ति गरिने छ । स्वास्थ्यकर्मीहरुको शीप विकाशको लागि आवश्यक तालिमको व्यबस्थाका लागि पहल गरिने छ ।

आज्ञाले,
कासी प्रसाद पंगेनी
प्रमुख प्रशासकीय अधिकृत